मिर्चैया नगरपालिका
Mirchaiya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh Province, Nepal

पत्र संख्याः २०८१/०८२
चलानीनंबर/Dispatch No.: 9686

मितिः २०८२।०१।०९

मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा मधेश प्रदेश, नेपाल

श्री वडा समितिको कार्यालय (१ देखि १२ सबै),

मिर्चैया नगरपालिका, सिरहा ।

**विषयः प्रथम मेयर कप क्रिकेट प्रतियोगिता -२०८१ मा सहभागी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस मिर्चैया नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा द्वारा श्री मोहन नमुना मा. वि., मिर्चैया को प्रांगणमा प्रथम मेयर कप क्रिकेट प्रतियोगिता -२०८१ संचालन हुने भएकोले त्यस वडामा रहेको क्रिकेट खेलाडीहरुलाई एक टिम (१५ जना) बनाइ उक्त खेलमा सहभागिताको लागि जानकारी साथ अनुरोध छ ।

**खलाडी/ टिम लाइ पालन गर्नु पर्ने नियमहरु :**

१. पहिलो हुने टिमलाई प्रथम पुरस्कार स्वरूप नगद रु. ५०,०००/- साथै कप, मेडल र प्रमाण पत्र दिइनेछ ।

२. दोश्रो हुने टिमलाई दोश्रो पुरस्कार स्वरूप नगद रु. ३५,०००/- साथै कप मेडल र प्रमाण पत्र दिइनेछ ।

३. खेल विधि : खेल डयुज (DUES) बलबाट, T20 Knockout System बाट खेलाइने छ ।

४. दर्ता शुल्क : नि:शुल्क । टिम दर्ता समय भित्रमा नै अनिवार्य गर्नुपर्नेछ अन्यथा खेलमा सहभागी गरिने छैन ।

४. खेलको नियम : DRS बाहेक ICC को नियम पालना गरिनेछ र अम्पायरको निर्णय अन्तिम निर्णय हुनेछ ।

५. टिममा खेल्ने खेलाडीहरुको जन्मदर्ता, राष्ट्रिय परिचय पत्र वा नागरिकताको फोटोकपी टिम दर्ता हुने वखत अनिवार्य पेश गर्नुपर्नेछ ।

६. सम्बन्धित वडाको खेलाडी सम्बन्धित वडाको टिमबाट नै खेल्नु पर्ने छ र एक टिममा ३ जना मधेश प्रदेशको कुनै पनि क्रिकेट खेलाडीलाइ सहभागी गराउन सकिनेछ ।

७. टिम दर्ता गर्ने अन्तिम मिति र स्थान : २०८२/०१/१४ गते सम्म, मिर्चैया न.पा. को रोजगार सेवा केन्द्रमा दर्ता गराउनु पर्नेछ ।

८. टाई सिट तयार गर्ने मिति : २०८२/०१/१५ गते (टाई सिट बनाउदा हरेक टिमको प्रतिनिधि मिर्चैया न पा को रोजगार सेवा केन्द्रमा दिनको १२:०० बजे अनिवार्य उपस्थिति हुन पर्नेछ)

९. खेल हुने मिति : टाई सिट निर्माणको दिन जानकारी गराइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

e-mail:-munmirchaiya272@gmail.com
website:- mirchaiyamun.gov,np
Phone no:- 033550101

CamScanner

मिर्चैया नगरपालिका
Mirchaiya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh Province, Nepal

पत्र संख्या: २०८१/०८२

१०. आफ्नो समुहको प्रतिनिधित्व झल्किने पोशाकमा मात्र खेलमा सहभागी हुनुपर्नेछ ।

११. खेलमा व्यवस्थापन, विवाद निरुपणको लागि प्रथम मेयर कप क्रिकेट प्रतियोगिता प्राविधिक समिति रहनेछ ।

१२. खेल गराउने विधि र खेल तालिका प्राविधिक समितिको टिमको प्रतिनिधित्वको उपस्थितिमा तयार भए पश्चात प्रकाशन गरिनेछ ।

सम्पर्क नं : गणेश गुप्ता : ९८४४२४३७५६/९८१५७५६५६०

२०८१/९/१८

प्रमूख प्रशासकीय अधिकृत

e-mail:–munmirchaiya272@gmail.com
website:- mirchaiyamun.gov,np
Phone no:- 033550101

CamScanner